जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १५, अङ्क-१५, २०८३ कात्तिक १२ गते विहीबार, 29 Oct 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

माझगाउँमा कार्तिके नाच

कृष्ण, अनिरुद्ध, उषा, चित्रलेखा र वाणासुरसँग सम्बन्धित पौराणिक कथा माझगाउको डबलीमा प्रस्तुत



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको थाहा नगरपालिका-९ चित्लाङ माझगाउँमा वाणासुरको कथामा आधारित कार्तिके नाच प्रदर्शन सकिएको छ ।

सोमबार रातिदेखि सुरु भएको नाच बुधबारबाट सकिएको हो । कोजाग्रत पूर्णिमाको भोलिपल्टदेखि अर्थात सोमबारबाट लगातार तीन दिन सञ्चालन हुने कार्तिके नाचमा यसपटक कृष्ण, अनिरुद्ध, उषा, चित्रलेखा र वाणासुरसँग सम्बन्धित पौराणिक कथा माझगाउको डबलीमा प्रस्तुत गरिएको थियो । माझगाउँको डवलीमा कार्तिके नाच सुरु गर्नु अघिल्लो दिन अर्थात आइतबार राती उक्त गाउँमै र हेको ऐतिहासिक अशोक चैत्य अगाडि देउताहरु रहेको रथ बोकेर मेलाको सुरुवात गरिएको थियो ।

चित्लाङबासी बलामी समुदायलगायत स्थानीय समुदायले वर्षभरि विभिन्न पर्व, जात्रा र सांस्कृतिक परम्परा मनाउँदै आएका छन् । तीमध्ये कार्तिके नाच र स्वच्छन्द भैरवनाथको जात्रालाई चित्लाङको प्रमुख सांस्कृतिक पर्वका रुपमा लिइन्छ । पाँच सय वर्षअघिदेखि निरन्तर रुपमा चल्दै आएको कार्तिके नाच चित्लाङको मौलिक संस्कृति र सामुदायिक पहिचानसँग जोडिएको छ ।

कोजाग्रत पूर्णिमाको भोलिपल्टदेखि हरेक वर्ष स्थानीय कलाकारले विभिन्न पौराणिक कथालाई नाच तथा नाट्य प्रस्तुतिका रूपमा डबलीमा प्रदर्शन गर्दै आएका छन् । पुस्तौदेखि निरन्तर चल्दै आएको यो परम्परा चित्लाङको मौलिक सांस्कृतिक पहिचान बनेको छ ।

यसवर्षको नाचमा वाणासुरकी छोरी उषा, उनकी सखी चित्रलेखा र कृष्णका नाति अनिरुद्धसँग सम्बन्धित कथा प्रस्तुत गरिएको विजय बलामीले बताउनु भयो । उषाले सपनामा देखेको युवक अनिरुद्ध भएको चित्रलेखाले पहिचान गरेपछि उनलाई शोणितपुर पुऱ्याएको र त्यसपछि अनिरुद्धलाई वाणासुरले बन्दी बनाएको कथासँगै कृष्ण र वाणासुरबीच भएको युद्धको प्रसँग नाचमा प्रस्तुत गरिने स्थानीय बलामीले बताउनुभयो ।

पौराणिक कथामा वाणासुरको राजधानीका रुपमा वर्णित शोणितपुर लाई काठमाडौंको थानकोटसँग जोडिएको छ । थानकोटलाई प्राचीन शोणितपुर र चित्लाङलाई चित्रापुर सँग जोड्ने सांस्कृतिक परम्पराले यसवर्ष प्रस्तुत हुने नाचलाई थप विशेष बनाएको छ ।

काठमाडौं उपत्यकालाई मकवानपुर हुँदै दक्षिणी भू-भागसँग जोड्ने पुरानो मार्गमा रहेको चित्लाङ ऐतिहासिक तथा सांस्कृतिक महत्वको बस्ती हो । अशोक चैत्य, परम्परागत बस्ती, धार्मिक सम्पदा र नेवार समुदायको मौलिक संस्कृतिले चित्लाङको छुट्टै पहिचान निर्माण गरेको छ ।

चित्लाङ-थानकोट क्षेत्रको सांस्कृतिक इतिहास गोपालवंशसँग जोडिएका प्राचीन आख्यानसँग पनि सम्बन्धित छ । गोपाल, महिषपाल र किरातकालसँग जोडिएका इतिहास तथा सांस्कृतिक परम्पराले काठमाडौं उपत्यका आसपासका पुराना बस्तीको सांस्कृतिक विकासलाई समेटछ । कृष्ण र गोपाल संस्कृतिसँग सम्बन्धित आख्यान पनि यस क्षेत्रको सांस्कृतिक स्मृतिको हिस्सा बनेका छन् ।

कार्तिके नाचमा पौराणिक कथालाई स्थानीय कलाकारले अभिनय, नृत्य, संगीत र संवादमार्फत डबलीमा प्रस्तुत गर्छन् । यही परम्पराले चित्लाङको कार्तिके नाचलाई मौलिक सांस्कृतिक सम्पदाका रुपमा स्थापित गरेको छ। दसैंमा घर आएका अधिकांशले यो मेला सम्पन्न नभएसम्म फर्क्दैनन् । साँस्कृतिक र धार्मिक स्थलको रुपमा पहिचान बोकेको थाहा नगर पालिका-९ मा रहेको चित्लाङ मकवानपुर जिल्लाको एकमात्र ऐतिहासिक थलो हो । सरकारले १५ वर्षअघि चित्लाङलाई पर्यटकीय न गाउँको रुपमा घोषणा गरेको थियो । जसले गर्दा चित्लाङमा आन्तरिक एवं बाह्य पर्यटकहरु आउन थालेका छन् ।

यहाँ शुक्रबार र शनिबार पर्यटकको भीड लाग्छ । चित्लाङको माझ गाउँमा सम्राट अशोकले निर्माण गरेको अशोकालिन चैत्य छ । जसको अध्ययन र अनुसन्धान गर्न विदेशीहरु आउने गर्छन् । कृष्ण लिला र कार्तिक नाच वर्षेनी सञ्चालन गर्न माझ गाउँका बासिन्दाले प्रतिघर धुरी २ हजार रुपैयाँ चन्दा दिने गरेका छन । जात्रा प्रदर्शन गर्न एक महिनादेखि यहाँ तालिम दिने गरिन्छ ।

इन्साइड ---- स्टोरी

मेरो अनुभूतिमा दसैं



राजेन्द्र गुरुङ

विचार : पेज २ मा

दीपावलीको शुभकामना



शुभ दीपावलीको अवसरमा हाम्रा पाठक वर्गहरू,ज्ञापनदाताहरू, स्तम्भकार, शुभचिन्तकलगायत आमनेपालीहरूमा सुख, शान्ति,समृद्धि तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सहीखबर साप्ताहिक परिवार

आफ्नो घर, आँगन तथा टोल स्वच्छ र सफा राखौं सभ्य नागरिकको परिचय दिऔं

● हाम्रो वरपरको वातावरण सरसफाई राखौं। स्वच्छ वातावरणमा बाचौ र रमाऔं । बातावरण सफा राख्न:

☞ सार्वजनिक स्थानहरू सफा राख्नुहोस्, फोहोर उचित ठाउँमा फाल्नुहोस् ।

☞ वातावरण संरक्षणमा ध्यान दिनुहोस्, पुन: प्रयोग र रिसाइक्लिङलाई प्राथमिकता दिनुहोस् ।

सरसफाइका फाइदाहरू

● रोग र संक्रमणबाट बच्न सकिन्छ,
● शारीरिक र मानसिक स्वास्थ्य सुधार हुन्छ,
● आत्मविश्वास बढ्छ,
● समाजमा सकारात्मक छवि निर्माण हुन्छ,
● नयाँ पुस्ताले सकारात्मक ज्ञान आर्जन गर्न सक्नेछन्,
● व्यक्ति र समाजको सभ्य पहिचान/परिचय बन्दछ ।

११ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

पर्यटन प्रवर्द्धनमा स्थानीय सरकारको भूमिका

नेपाल प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाले सम्पन्न मुलुक हो। हिमाल, पहाड, तराईका प्राकृतिक सुन्दरता, विविध संस्कृति, ऐतिहासिक सम्पदा र धार्मिक स्थल पर्यटनका प्रमुख आधार हुन्। पर्यटन क्षेत्रले रोजगारी सिर्जना, स्थानीय उत्पादनको बजारीकरण, आयआर्जन वृद्धि र समग्र आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्‍याउन सक्छ। तर यति धेरै सम्भावना हुँदाहुँदै पनि नेपालका अधिकांश पर्यटकीय गन्तव्यले अपेक्षित लाभ लिन सकेका छैनन्।

पर्यटन विकासको जिम्मेवारी संघ र प्रदेश सरकारको मात्र होइन। पर्यटकीय गन्तव्यको पहिचान, संरक्षण, विकास र व्यवस्थापनमा सबैभन्दा महत्वपूर्ण भूमिका स्थानीय सरकारको हुन्छ। स्थानीय भूगोल, संस्कृति, सम्पदा र सम्भावनाबारे प्रत्यक्ष जानकारी राख्ने स्थानीय तहले पर्यटकीय स्थलको पहिचान गरी दीर्घकालीन योजना बनाउन सक्छन्। तर धेरै स्थानीय तहमा पर्यटन प्रवर्द्धन नारामै सीमित हुने गरेको छ।

हेटौंडा तथा मकवानपुरको सन्दर्भमा पनि पर्यटनका प्रशस्त सम्भावना छन्। चुरे तथा महाभारत क्षेत्रका प्राकृतिक सम्पदा, ऐतिहासिक स्थल, धार्मिक गन्तव्य, सामुदायिक वन र ग्रामीण जीवनशैलीलाई पर्यटनसँग जोड्न सकिन्छ। तर सम्भावनालाई वास्तविक आम्दानी र रोजगारीमा रुपान्तरण गर्न स्थानीय तहबीच समन्वय, प्रभावकारी योजना र निरन्तर लगानी आवश्यक छ। पर्यटन प्रवर्द्धनका लागि स्थानीय सरकारले बजेट विनियोजन मात्र होइन,त्यसको उपलब्धि मापन गर्ने प्रणाली पनि विकास गर्नुपर्छ। कुन गन्तव्यमा कति पर्यटक आए, स्थानीयले कति रोजगारी पाए, कति आम्दानी भयो र गरिएको लगानीले कस्तो प्रतिफल दियो भन्ने विषयमा नियमित मूल्याङ्कन हुनुपर्छ। निजी क्षेत्र, स्थानीय समुदाय र सरोकारवालाको सहभागितामा पर्यटन विकासको योजना बनाउनु आवश्यक छ।



मेरो अनुभूतिमा दसैँ

राजेन्द्र गुरूङ

सम्बन्धको न्यानोपन, भावनाको स्पन्दन, आत्मीयताको सुवास र मानवताको महापर्व दसैँ आइतबारदेखि बिदाइ गरिएको छ । यससँगै घर आँगनमा लिङ्गे पिङका मच्चिएका उन्मुक्त आवाजहरु शान्त बनिसकेका छन्। रातो टीका र जमराले सजिएका निधारहरु बिस्तारै सामान्य अवस्थामा फर्किएका छन्। घरका भित्ताहरुमा ठाँगिएका खुसीका क्षणहरु सम्झनाका तरिबर बनेर बस्न थालेका छन्। कोही आफ्नो कर्मथलो फर्किने तयारीमा छन्,कोही बिदाइको पीडालाई मुस्कानमित्र लुकाउँदै छन्।

तर मेरो मनमा एउटा प्रश्न बारम्बार उठिरहेको छ, के दसैँ साँच्चै सकिन्छ त? पात्रोबाट चाडको मिति हट्दैमा, निधारबाट टीका पुछिँदैमा, कानमा जमरा ओइलिँदैमा र घरका सदस्यहरु आआफ्नो बाटो लाग्दैमा दसैँको अन्त्य हुन्छ र ? के दसैँ भनेको केही दिनको रमझम,नयाँ लुगा, मीठो मसिनो भोजन र मान्यजनको हातबाट टीका थाप्ने औपचारिकतामै मात्र सीमित छ त?

मेरो अनुभूतिमा दसैँ यतिमै सीमित छैन। दसैँ त मनमित्र उम्रिने एउटा कोमल भावना हो, सम्बन्धहरुलाई फेरि जोड्ने एउटा अदृश्य सेतु हो,टाढिएका मनहरुलाई नजिक ल्याउने एउटा पवित्र अवसर हो। यो त थाकेको मनलाई सान्त्वना दिने,चोट लागेको हृदयमा मलम लगाउने र निराश जीवनमा आशाको दीप बाल्ने एउटा अनुपम पर्व हो। दसैँलाई सधैँ एउटा चाडभन्दा बढी, जीवनलाई मानवीय दृष्टिले हेर्न सिकाउने अनुभूतिको रुपमा बुझ्नु पर्दछ। दसैँ, केवल पर्व होइन,भावनाहरुको पुनर्मिलन हो। जीवनको दौडधुपबिच दसैँ आउँछ,मानौँ समयले हामीलाई केही क्षण रोकिएर आफ्नै मन र आफ्ना सम्बन्धहरूतिर फर्केर हेर्न दिएको निमन्त्रणा हो। कहिलेकाहीँ एउटा आत्मीय मुस्कान,एउटा फोन कल वा मनैदेखि भनिएको मलाइ माफ गर है भन्ने शब्दले वर्षौँदेखि जमिएको बरफ पगाल्न सक्छ।

तसर्थ,मेरो बुझाइमा दसैँ केवल चाड मात्र होइन,दसैँ पञ्जिने क्षणको पर्व पनि हो।

दसैँले मलाई बारम्बार सम्झाउँछ,आमाबुबा हुनुहुन्जेल उहाँहरुको हातबाट टीका थाप्नु केवल परम्परा होइन,जीवनले दिएको अमूल्य अवसर हो। किनकि एक दिन घर उही हुनेछ,आँगन उही हुनेछ,टीका थाप्ने थाली पनि उही हुनेछ तर निधारमा टीका लगाइदिने ती हातहरु सधैँका लागि हाम्रो साथमा नरहन सक्छन्। त्यस दिन सम्झनाहरुले मन भरिएला, आँखाहरु रसाउलान्,तर बितेको समयलाई फर्काएर फेरि एक पटक आमाबुबाको हातबाट टीका थाप्न सम्भव हुनेछैन। त्यसैले मेरो अनुभूतिमा दसैँ भनेको आफ्ना प्रियजनसँग बिताउन पाएको वर्तमानलाई भविष्यको पश्चात्ताप बन्न नदिने एउटा सुन्दर अवसर पनि हो। म कहिलेकाहीँ सोच्ने गर्छु,दसैँको मानवीय सन्देश अझै हाम्रो व्यवहारमा ओर्लिन बाँकी छ। टीका लगाउनु पर म्परा हो, तर मनमा सद्भाव लगाउनु संस्कार हो। जमरा सिउरिनु संस्कृति हो,तर सम्बन्धमा हरियाली कायम राख्नु मानवीय कर्तव्य हो। आशीर्वाद लिनु सौभाग्य हो, तर कसैको आँसु पुछ्न सक्नु जीवनको अझ ठुलो पुण्य हो। रातो टीका केही दिनमा पखालिएला, तर प्रेमको रङ जीवनभरि नमेटियोस्। जमरा केही दिनमा ओइलाउला,तर आत्मीयताको हरियाली कहिल्यै नसुकोस्।

सबैका लागि दसैँ उस्तै खुसी बोकेर आउँदैन। कसैको घरमा वर्षौँपछि विदेशबाट सन्तान फर्किएको हुन्छ, त कसैको घरमा पर देशिएको सन्तानको खबर कुरेर आँखा थाकिरहेका हुन्छन्। कसैले नयाँ लुगा किनेर खुसी बाँडिरहेको हुन्छ,कसैले पुरानै लुगा सफा गरेर चाड मनाउने तयारी गरिरहेको हुन्छ। कसैको घरमा पकवानको सुवास फैलिएको हुन्छ, कसैको चुलोमा दुई छाक जुटाउने चिन्ताले नै मन पोलिरहेको हुन्छ। कसैका लागि दसैँ भेटघाटको उत्सव हो,कसैका लागि बिछोडको सम्झना। कसैका लागि नयाँ सुरूवातको उमङ्ग हो,कसैका लागि बितेको वर्षमा गुमाएका प्रियजनको अभाव अझ गहिरो बनाउने समय।

दसैँको सुरूवातमा घर फर्किनेहरुको उत्साह देखिन्छ। तर दसैँको अन्त्यतिर बिदाइको दृश्यले मनलाई अर्कै ढङ्गले छुन्छ। केही दिनअघि मात्र भरिभराउ भएको घर फेरि सुनसान हुन थाल्छ। आँगनमा खेलिरहेका बालबालिका फर्किन्छन्। आमाले पकाएका परि कार खाएर खुसी भएका सन्तान आफ्नो कर्मथलोतिर लाग्छन्। दसैँको खुसी जति सुन्दर छ,यसको बिदाइ त्यति नै मर्मस्पर्शी छ। तर सायद जीवनको सौन्दर्य पनि यही हो। भेट हुन्छ,बिछोड हुन्छ। खुसी आउँछ,सम्झना बन्छ। आजको हाँसो भोलिको स्मृति बन्छ।

अनि ती स्मृतिहरुले नै हामीलाई फेरि भेट्ने आशामा बाँच्न सिकाउँछन्। दसैँले हामीलाई भेटघाटको खुसी मात्र दिँदैन, बिछोडको मूल्य पनि बुझाउँछ।कमेरो र रातोमाटोले सजिएको घर,झाडी फालेर फराकिलो बनेको बाटो, मिठा परिकार खाएका चुलाचौका अब ओइलाउँछन्,बिराना बन्छन्। अब फेरि त्यहीँ रौनक,रमझम र चमक आउन वर्ष दिन पर्खनपर्छ। आज २०८३ सालको बडादसैँको अन्त्यतिर आइपुग्दा म पछाडि फर्केर हेर्छु र सोच्न थाल्छु, यस वर्षको दसैँले मलाई के दियो ? मैले कति जनालाई भेटेँ भन्नेभन्दा बढी, कति जनाको मनसम्म पुग्न सकेँ ? मैले कति जनाबाट टीका थापेँ भन्नेभन्दा बढी, कति जनाको मनमा प्रेम र सम्मानको अनुभूति जगाउन सकेँ ? मैले कति शुभकामना पाएँ भन्नेभन्दा बढी,कति जनाको जीवनमा शुभ हुने एउटा सानो कारण बन्न सकेँ ?

मलाई लाग्छ,दसैँको उपलब्धि यिनै प्रश्नका उत्तरहरुमा लुकेको छ। दसैँले हामीलाई सम्बन्धको महत्त्व बुझाओस्। आमाबुबाको आशीर्वादको मूल्य सम्झाओस्। दाजुभाइ, दिदीबहिनी र आफन्त बिचको प्रेम अझ प्रगाढ बनाओस्। मनमुटाबका पर्खाल भत्काएर मेलमिलापका ढोका खोलोस्। सामाजिक विभेद,अहङ्कार र घृणाभन्दा माथि उठेर सबै मानिसलाई सम्मानका साथ हेर्न सिकाओस्।

त्यसैले मेरो लागि दसैँको वास्तविकता देवीको पूजा गर्नुमा मात्र होइन, नारीको सम्मान गर्न सक्नुमा पनि छ। मान्यजनको आशीर्वाद लिनुमा मात्र होइन,वृद्ध र असहायलाई सहारा दिन सक्नुमा पनि छ। विजयको उत्सव मनाउनुमा मात्र होइन,अन्याय र अमानवीयताविरूद्ध उभिन सक्नुमा पनि छ। आफ्ना परिवारसँग र माउनुमा मात्र होइन, आफ्नो खुसीको घेराभन्दा बाहिर रहेका दु:खी मानिसहरुलाई पनि सम्झन सक्नुमा छ।

दसैँको टीका निधारमा मात्र होइन, हाम्रो विवेकमा लागोस्। जमरा कानमा मात्र होइन,हाम्रो विचारमा उम्रियोस्। आशीर्वाद शब्दमा मात्र होइन,हाम्रो व्यवहारमा प्रकट होस्। यही नै मैले अनुभूत गरेको दसैँको गहिरो अर्थ हो। दसैँ सकिएला तर दसैँको भावना नसकियोस् । अब दसैँ बिस्तारै बिदा हुँदै छ। घरका आँगनहरु फेरि शान्त हुँदै छन्। टीका र जमराका रङहरु क्रमश: फिक्का हुँदै छन्। आफन्तहरु आआफ्नो कर्मथलोतिर फर्किँदै छन्। चाडका दिनहरु पात्रोका पानामा सम्झना बनेर बस्दै छन्। तर दसैँसँगै हाम्रो मनको आत्मीयता बिदा नहोस्। टीकाको रातोपन मेटिए पनि सम्बन्धको न्यानोपन नमेटियोस्। जमरा ओइलाए पनि सद्भावको हरियाली नसुकोस्। मान्यजनको हातबाट थापेको आशीर्वाद केही दिनको सम्झनामा सीमित नहोस्,बरू वर्षभरि असल काम गर्ने प्रेरणा बनोस्। दसैँमा मात्रै आमाबुबालाई सम्झिने होइन,अरु दिनमा पनि उनीहरुको खबर लिने बानी बसोस्। चाडमा मात्रै आफन्तलाई अँगालो हाल्ने होइन,कठिन समयमा पनि उनीहरुको साथ बन्न सकौँ। किनकि मानिसको जीवनमा सबैभन्दा ठुलो सम्पत्ति धन होइन,मन हो। सबैभन्दा ठुलो उपलब्धि पद होइन,विश्वास हो। सबैभन्दा ठुलो उत्सव भीड होइन, आत्मीयता हो।

अनि सबैभन्दा ठुलो आशीर्वाद आफूलाई माया गर्ने मानिसहरुको अनुहारमा देखिने निश्चिन्त मुस्कान हो। त्यसैले आज बडादसैँको अन्त्यतिर उभिएर म आफ्नै मनसँग एउटा सानो सङ्कल्प गर्छु, दसैँलाई केही दिनको पर्वमा सीमित हुन दिनेछैन। यसले सिकाएको प्रेमलाई व्यवहारमा उतार्नेछु। यसले जगाएको सद्भावलाई सम्बन्धमा जोगाउनेछु। यसले दिएको आशीर्वादलाई कर्ममा परिणत गर्ने प्रयास गर्नेछु। अनि कसैको मन दुखेको देखेँ भने सम्भव भएसम्म त्यसमा मलम लगाउने एउटा सानो माध्यम बन्नेछु।

अन्ततः मेरो अनुभूतिमा दसैँ भनेको, आमाको प्रतीक्षामा लुकेको प्रेम हो। बुबाको मौनतामित्र लुकेको आशीर्वाद हो। दाजुभाइ र दिदीबहिनीबिच बाँडिएको आत्मीयता हो। टाढिएका आफन्तलाई नजिक ल्याउने सेतु हो। टुटेका सम्बन्ध जोड्ने साहस हो। दु:खी मनमा आशा जगाउने मलम हो। असत्यमाथि सत्यको र अन्यायमाथि न्यायको विजयको सङ्कल्प हो।

अनि सबैभन्दा माथि, मानिसलाई मानिससँग जोडिराख्ने मानवताको सुन्दर उत्सव हो। दसैँको वास्तविक विजय त्यतिबेला हुनेछ,जब हाम्रो घरमा मात्र होइन,हाम्रो हृदयमा पनि उज्यालो हुनेछ,जब हाम्रो निधारमा मात्र होइन, हाम्रो व्यवहारमा पनि संस्कार देखिनेछ। दसैँको साँचो महिमा त्यतिबेला पूरा हुनेछ, जब हामीले चाडका दिनमा बाँडेको खुसीलाई वर्षभरि बाँड्न सक्नेछौँ, आशीर्वादका रुपमा पाएको प्रेमलाई व्यवहारका रुपमा फर्काउन सक्नेछौँ र आफ्ना प्रियजनका आँखामा खुसीका आँसु मात्र होइन, दु:खका आँसु पुछ्ने सामर्थ्य पनि राख्नेछौँ।

मेरो अनुभूतिमा दसैँ यही हो,केही दिन मनाइने पर्व, तर जीवनभरि जोगाइराख्नुपर्ने भावना। दसैँ बिदा हुँदै छ,तर दसैँले सिकाएको प्रेम, सद्भाव, करूणा र आत्मीयता हाम्रो मनबाट कहिल्यै बिदा नहोस्। नवदुर्गा भवानी माताले हामी सबैको कल्याण गरून्। सबैको जय होस्।

गोपाटीबाट

सहीखबर
सहीवार्ता
www.saheekhabar.com
२०८३ कात्तिक १२ गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

कृषिमा प्रविधिको प्रयोग, जनशक्तिको अभावसँगै भित्रेका उपकरणले सहज

मकवानपुर । जनशक्तिको अभावसँगै भित्रेका उपकरणले कृषि पेशमा सहजता थपेको छ । युवा जनशक्ति विदेश पलायनसँगै समस्या खेप्दै आएको कृषिकर्ममा पछिल्लो समय भित्रिएको अत्याधुनिक प्रविधियुक्त कृषि उपकरणले बाली लगाउन र भित्र्याउन सहज भएको छ ।

दसैँको रमझम सकिएसँगै मकवानपुरका किसानलाई खेतमा पाकेको धान भित्र्याउन चटारो थियो । धान झार्ने मिसेन गाउँगाउँ भित्रिएपछि किसानलाई सहज भएको छ। धान पाकेर काट्ने बेला भएपछि किसानलाई चाडपर्वको अघि र पछाडी धान स्याहार्न भ्याइनभ्याइ छ । वर्षभरि परिवारलाई खान पुग्ने अन्नको जोहो गर्नुपर्ने र बाँकी धान बिक्री गरेर घरखर्च चलाउनुपर्ने भएकाले किसानका लागि यो समय निकै महत्वपूर्ण मानिन्छ । हेटौँडा उपमहानगरपालिका १७, राजदेवीका किसान सहदेव घिमिरे दसैँ सकिएसँगै धान भित्र्याउन काममा व्यस्त हुनुहुन्छ । खेतमा पाकेको धान समयमै काटेर घरमा भित्र्याउनुपर्ने भएकाले अहिले उहाँको अधिकांश समय खेतमै बित्ने गरेको छ । धान खेती मकवानपुरका ग्रामीण भेगका धेरै किसानको प्रमुख खाद्यान्न उत्पादनको आधार हो। वर्षभरि खान पुग्ने धान सुरक्षित राखेर बाँकी बिक्री गर्ने किसानका लागि धान थान्क्याउने समयले वर्षभरिको खाद्यान्न व्यवस्थापन र घरखर्चमा प्रत्यक्ष प्रभाव पार्छ । धान काट्ने, ओसार्ने र थ्रेसर लगाएर दाना छुट्याउने काममा परिवारका सदस्यसमेत जुट्ने गरेका छन् ।

यसैबीच यो साता मौसममा आउने परिवर्तनले पाकेको धानमा क्षति पुग्न सक्ने भएकाले किसानलाई सकेसम्म धान नकाट्न र काटेको भए,सुरक्षित रुपमा ओतमा राख्न मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ ।मेहनतको प्रतिफलका सुरक्षित रूपमा राख्न मौसमलाई पनि ध्यान दिन भनिएको हो ।



परम्परागत विधि



आधुनिक कृषि औजार

सहीखबर

समाचार

२०८३ कात्तिक १२ गते विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

बागमतीमा संकलित ८३ प्रतिशत माटोको नमुनामा अम्लीयपन



○ सहीखबर संवाददाता

मकवानपुर । रसायनिक मल तथा अखाद्य औषधिको कारण माटोमा अम्लियपन बढ्दो रहेको एक अनुसन्धानले देखाएको छ । बागमती प्रदेशका विभिन्न जिल्लामा रहेको खेतीयोग्य माटोमा अम्लीयपन बढ्दै गएको पाइएको हो ।

माटो तथा मल परीक्षण प्रयोगशाला, हेटौँडाले प्रदेशका १३ जिल्लाका ११९ वडामा गरेको माटो परीक्षणका क्रममा माटोमा अम्लीयपनको समस्या बढ्दै गएको पाइएको हो।

प्रयोगशालाका अनुसार २०७६/७७ देखि २०८२/८३ सम्म २० हजार २१२ वटा माटोका नमुना परीक्षण गरिएकामा ८३ प्रतिशत नमुनामा अम्लीयपन देखिएको छ। परीक्षण गरिएका नमुनामध्ये ठूलो हिस्सामा अम्लीयपन देखिएपछि खेतीयोग्य जमिनको उत्पादन क्षमता र माटोको गुणस्तर सुधारमा चुनौती थपिएको प्रयोगशालाले जनाएको छ। प्रयोगशालाका कार्यालय प्रमुख तथा वरिष्ठ माटोविज्ञ डा.जनार्दन खड्काले माटोमा अम्लीयपनको समस्या घट्नुको सट्टा बढ्दै गएको बताए ।

माटो सुधारका लागि भइरहेका प्रयास पर्याप्त नभएको भन्दै उनले अभियानकै रुपमा माटो सुधार का कार्यक्रम सञ्चालन गर्नुपर्ने बताए। काठमाडौं उपत्यकासहित नुवाकोट, धादिङ, मकवानपुरको थाहा नगरपालिका र इन्द्रसरोवर गाउँपालिकालगायतका व्यावसायिक तरकारी उत्पादन हुने क्षेत्रमा माटोमा अम्लीयपन बढ्दै गएको प्रयोगशालाले जनाएको छ। सिन्धुपाल्चोक, दोलखा र रसुवालगायतका जिल्लामा भने तुलनात्मक रुपमा अम्लीयपनको समस्या कम देखिएको छ।

माटोमा अम्लीयपन बढ्नुमा वर्षाको पानी, माटो बनेको मूल चट्टान तथा मानवबाट हुने माटो व्यवस्थापन मुख्य कारण रहेको डा. खड्काको भनाइ छ । माटोको अम्लीयपन मापन गर्न पीएच परीक्षण गरिने र आवश्यकताअनुसार कृषि चुनको प्रयोग, प्राङ्गारिक पदार्थको मात्रा बढाउने तथा जैविक र सूक्ष्मजीवमा आधारित मलको प्रयोग गर्नुपर्ने उनले बताए । २०८२/८३ मा प्रयोगशालाले एक हजार ५० वटा माटोका नमुना परीक्षण गर्ने लक्ष्य राखेकोमा तीन हजार ४१३ वटा नमुना परीक्षण गरेको छ। लक्ष्यको तुलनामा करिब तीन गुणा बढी नमुना परीक्षण गरिएको प्रयोगशालाले जनाएको छ।

माटो परीक्षणलाई किसानको खेतबारीसम्म पुऱ्याउने उद्देश्यले प्रयोगशालाले विभिन्न जिल्लामा घुम्ती माटो परीक्षण शिविरसमेत सञ्चालन गर्दै आएको छ। मकवानपुरको इन्द्रसरोवर र धादिङको गजुरीमा माटो परीक्षण शिविर सञ्चालन गरिएको थियो। विश्व माटो दिवसका अवसरमा इन्द्रसरोवर गाउँपालिकामा ३११ वटा माटोका नमुना परीक्षण गरी माटोको अवस्थाका आधारमा १८ मेट्रिक टन कृषि चुन निःशुल्क वितरण गरिएको प्रयोगशालाले जनाएको छ। माटोमा अम्लीयपनको समस्या देखिएका क्षेत्रमा कृषि चुनको प्रयोगसँगै प्राङ्गारिक पदार्थको मात्रा बढाउन पनि किसानलाई सुझाव दिइएको छ। गोठेमल तथा अन्य प्राङ्गारिक पदार्थको उचित व्यवस्थापन, जैविक मल र सूक्ष्मजीवमा आधारित मलको प्रयोगबाट माटोको गुणस्तर सुधार गर्न सकिने प्रयोगशालाले जनाएको छ।

प्रदेशका विभिन्न स्थानीय तहमा कार्यरत कृषि प्राविधिकलाई माटो परीक्षण तथा माटो सुधार सम्बन्धी जानकारी दिन तालिमसमेत सञ्चालन गरिएको छ। गत आर्थिक वर्षमा १३ जिल्लाका ४७ स्थानीय तहका ६० जना कृषि प्राविधिकलाई दुई चरणमा तालिम दिइएको थियो। हेटौँडा उपमहानगर पालिका १७ र १९ मा किसानलाई जैविक तथा सूक्ष्मजीवमा आधारित मल प्रयोगसम्बन्धी जानकारी दिइएको थियो। ती वडाका १९७ जना किसानलाई नाइट्रोजन, फस्फोरस तथा डिकम्पोजर ब्याक्टेरियालगायतका जैविक मलसम्बन्धी जानकारी तथा सामग्री उपलब्ध गराइएको प्रयोगशालाले जनाएको छ।

कृषि चुन प्रयोगको प्रभावकारिताबारे अध्ययन गरेपछि हेटौँडा उपमहानगरपालिका १८ का ३३८ घरधुरीका किसानलाई ४० मेट्रिक टन कृषि चुन उपलब्ध गराइएको थियो। माटोको अवस्थाका आधार मा चुनको प्रयोग गर्दा अम्लीयपन घटाउन सहयोग पुग्ने प्रयोगशालाको भनाइ छ। माटोको अवस्थाबारे थप जानकारी प्राप्त गर्न संघीय ससर्त अनुदानअन्तर्गत डिजिटल माटो नक्सा तयार गर्ने कार्यक्रमसमेत सञ्चालन भइरहेको छ। कार्यक्रमअन्तर्गत सिन्धुपाल्चोक, मकवानपुर र सिन्धुलीबाट ६६४ वटा माटोका नमुना सङ्कलन गरी परीक्षण गरिएको छ।

प्रयोगशालाले माटोमा रहेको पीएच, नाइट्रोजन, फस्फोरस, पोटास, जिंक, कपर, म्याङ्गानिज, मोलिब्डेनम, माटोको बनावट तथा रासायनिक र प्राङ्गारिक मलको अवस्थालगायतका विषय परीक्षण गर्दै आएको छ। सरकारी कार्यालय तथा सरकारी स्वामित्वका संस्थाबाट आउने नमुना र किसानले स्वयं परीक्षणका लागि ल्याउने नमुनामा परीक्षण शुल्कमा ७५ प्रतिशत छुटको व्यवस्था गरिएको छ। त्यस्तै, अनुसन्धानका लागि विश्वविद्यालय वा विद्यार्थीले सम्बन्धित निकायको सिफारिससहित ल्याएका नमुनामा ५० प्रतिशत छुट दिइने प्रयोगशालाले जनाएको छ।

प्रदेशका १३ जिल्लाका ११९ वडामा माटो परीक्षण तथा माटो सुधारका कार्यक्रम सञ्चालन गर्न जनशक्ति सीमित रहेकाले स्थानीय तहका कृषि प्राविधिकलाई समेत परिचालन गरेर माटो परीक्षण र सुधारसम्बन्धी काम विस्तार गर्नुपर्ने प्रयोगशालाले जनाएको छ ।

औद्योगिक क्षेत्रबाट गाडीका सर्भिस सेन्टर र ग्यारेज हटाइने

मकवानपुर । औद्योगिक क्षेत्रभित्र सञ्चालनमा रहेका फलाम तथा फलामजन्य उद्योग र सवारीसाधन मर्मत केन्द्रलाई निरुत्साहित गरिने नयाँ व्यवस्थासँगै मकवानपुरको हेटौंडा औद्योगिक क्षेत्रमा रहेका ग्यारेजहरु बन्द हुने भएका छन् ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले नयाँ व्यवस्था लागू गरेसँगै सर्भिस सेन्टर, ग्यारेज तथा वर्कसपलाई निरुत्साहित गरिएको हो ।

नेपाल सरकारले औद्योगिक क्षेत्रभित्र उत्पादनमूलक उद्योगका लागि छुट्याइएको जग्गा र भवनमा सञ्चालन भइरहेका गाडीका सर्भिस सेन्टर, वर्कसप र सोरुम हटाउने निर्णय गरेसँगै औद्योगित क्षेत्र व्यवस्थापनले विज्ञप्ति जारी गर्दै लिमिटेडले सर्भिस सेन्टर, ग्यारेज तथा वर्कसपसँग भएका बहाल सम्झौता नवीकरण नगर्ने व्यवस्था गरेको जनाएको हो । औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०८३ जारी गर्दै फलाम उत्पादनमूलक उद्योग सञ्चालनमा रोक लगाउएको हो ।

नयाँ विनियमावलीअनुसार औद्योगिक क्षेत्रभित्र सञ्चालनमा रहेका फलाम उत्पादनमूलक उद्योगलाई तीन वर्षको समयावधि दिई प्रवेश शुल्कमा छुटसहित अन्य उत्पादनमूलक उद्योगमा रूपान्तरण गर्ने अवसर दिइनेछ । तोकिएको अवधिमा उद्योग रूपान्तरण नगरेमा त्यसको निरन्तरतामा रोक लाग्ने व्यवस्था गरिएको छ ।

त्यस्तै, औद्योगिक क्षेत्रभित्र सञ्चालनमा रहेका सवारीसाधन मर्मत केन्द्रलाई पाँच वर्षभित्र उत्पादनमूलक उद्योगमा रूपान्तरण गर्नुपर्नेछ । उक्त अवधिमा रूपान्तरण नगर्ने व्यवसायीसँगको बहाल सम्झौता रद्द गरिने लिमिटेडले जनाएको छ । लिमिटेडले यसअघि लागू रहेको औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन विनियमावली, २०७१ र निर्देशिका, २०७१ खारेज गर्दै नयाँ विनियमावली लागू गरेको हो ।

नयाँ व्यवस्थाले औद्योगिक क्षेत्रलाई उत्पादनमूलक उद्योगको केन्द्रका रूपमा विकास गर्ने, उद्योग स्थापनालाई प्राथमिकता दिने तथा औद्योगिक क्षेत्रको जग्गा र भौतिक संरचनाको उपयोगलाई व्यवस्थित बनाउने लक्ष्य लिएको विज्ञप्तिमा उल्लेख छ ।

लिमिटेडका अनुसार देशका विभिन्न स्थानमा रहेका औद्योगिक क्षेत्रमा ६०० भन्दा बढी उद्योग व्यवसाय सञ्चालनमा छन् । ती उद्योगमा करिब २० हजारले प्रत्यक्ष रोजगारी पाएका छन् ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले उत्पादनमूलक उद्योगका लागि छुट्याइएको जग्गा र भवनमा सञ्चालन भइरहेका गाडीका सर्भिस सेन्टर, वर्कसप र सोरुम सञ्चालन भइरहेको भन्दै जनगुनासो बढेपछि त्यस्ता व्यवसाय हटाउने भएको हो।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले कानुन संशोधन गर्दै औद्योगिक क्षेत्रभित्रका गैह्र उत्पादनमूलक व्यवसाय र विशेषगरी सवारी साधन मर्मत केन्द्रलाई हटाउने लागेको जनाएको छ। लिमिटेडका अनुसार औद्योगिक क्षेत्रमा रहेका अटोमोबाइल सर्भिस सेन्टर तथा वर्कसपको अब नवीकरण नहुने र तोकिएको समयभित्र उत्पादनमूलक उद्योगमा रूपान्तरण नभए सम्झौता नै रद्द हुनेछन् ।

कानुन नै संशोधन गरेर यस्ता व्यवसायलाई निरुत्साहित र विस्थापित गर्ने नीति सरकारले लिएपछि अब औद्योगिक क्षेत्रमा उत्पादनमुलक उद्योगहरु मात्रै हुने छन् । “औद्योगिक क्षेत्र उत्पादनमूलक उद्योगकै लागि हो, अब त्यहाँ ग्यारेज र वर्कसप रहन पाउने छैनन्” विज्ञाप्तिमा भनिएको छ ।

लिमिटेडका अनुसार नयाँ विनियमावलीको विनियम ५ ले सवारी साधनको मर्मत सम्भार गर्ने सर्भिस सेन्टर,ग्यारेज वा वर्कसपलगायतका व्यवसाय औद्योगिक क्षेत्रभित्र सञ्चालन गर्न अनुचित ठहर गरेको छ ।

२०७१ सालअघि सिधै द्विपक्षीय सम्झौताका आधारमा जग्गा तथा भवन बहालमा दिइँदा कतिपय ग्यारेज तथा गैह्रउत्पादनमूलक व्यवसाय औद्योगिक क्षेत्रमा प्रवेश गरेका थिए । यद्यपि २०७१ सालको निर्देशिका लागू भएपछि भने कुनै पनि नयाँ सवारी साधन मर्मत केन्द्रलाई प्रवेश नदिइएको र हाल सञ्चालनमा रहेका सबै २०७१ साल अघिका मात्र रहेको लिमिटेडले स्पष्ट पारेको छ ।

हाल लिमिटेडअन्तर्गत बालाजु, पाटन, हेटौँडा, पोखरा, बुटवल, धरान, नेपालगञ्ज, वीरेन्द्रनगर, गजेन्द्रनारायण सिंह (राजविराज) र भक्तपुर गरी १० वटा स्थानमा औद्योगिक क्षेत्र सञ्चालनमा छन् । यी क्षेत्रमा ७०० भन्दा बढी उद्योग सञ्चालनमा रहेका छन् ।

- समयमा कर तिरौं,
- पानी खेर नफालौ,
- वातावरणीय सरसफाइमा ध्यान दिऔं,
- हरियाली प्रवर्द्धन गरौं,
- सवारी चलाउँदा मोवाइलको प्रयोग नगरौ,
- बाटो काट्दा पैदलयात्रुलाई प्राथमिकता दिने गरौं ।

लोकहितको लागि सहीखबर

विपद्को समयमा पर्न सक्ने मानसिक असरको न्यूनीकरण गरौं

- विपद्को समयमा डर, तनाव, चिन्ता, दु:ख तथा असहज महसुस हुनु स्वाभाविक हो,
- आफन्त, साथीभाइ तथा समुदायसँग खुलेर कुराकानी गरौं,
- सुरक्षित स्थानमा बसौं, आफू र परिवारको सुरक्षालाई प्राथमिकता दिऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा असहाय व्यक्तिलाई विशेष साथ, सहयोग र भरोसा दिने गरौं,
- नियमित खानपान, पर्याप्त आराम, निद्रा तथा दैनिक गतिविधिलाई सकेसम्म निरन्तरता दिने गरौं,
- विपद्को समयमा अफवाहमा विश्वास नगरी विश्वसनीय स्रोतबाट मात्र सूचना लिने गरौं,
- अत्यधिक तनाव, डर वा मानसिक असहजता रहिरहेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

विपद्को समयमा एक-आपसमा मनोबल बढाऔ, मानसिक स्वास्थ्य जोगाऔं ।

१ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

६ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

धर्म, संस्कृति र परम्परालाई सम्मान गरौ

- चाडपर्व मनाउँदा अनावश्यक तडक भडक नगरौं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रूपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।
- सामाजिक सद्भाव र सहिष्णुता कायम गरौ ।

नेपालीहरूको महान पर्व वडा दशैं, शुभ दीपावली, नेपाल संवत तथा छठ पर्वको अवसरमा यस वडावासीलगायत सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

७ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका, मकवानपुर

शान्तिपूर्ण समाज निर्माण गरौं

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव कायम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।
- विश्व शान्ति र मानवताको संरक्षणमा आफ्नो भूमिका निर्वाह गरौं ।

१६ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका

बड्र्स अफ हेटौंडा: चरा चिनाउने पुस्तक



मकवानपुर । चिसो बढेसँगै उत्तरी भूगोलदेखि बसाइँसराइ गरी झर्ने चराको विश्रामस्थल हेटौंडा पनि हो । स्थानीय वनजंगल र खोलानालामा पाइने चरासहित यहाँ ३६४ प्रजाति अभिलेख गरिएको छ ।

स्थानीय प्रजातिका चरासँगै मंगोलिया, रूस, चीन लगायत देशबाट आउने आप्रवासी चरासमेत भेटिन्छन् । यहाँका चराको पहिचान, अवस्था र बासस्थान समेटेर हेटौंडा उपमहानगरपालिकाले हालै पुस्तक प्रकाशन गरेको छ ।

'बड्र्स अफ हेटौंडा' नामक पुस्तकको लेखन तथा सम्पादन लामो समयदेखि चराका बारेमा अध्ययन एवं अनुसन्धान गर्दै आएका दृष्टान्त बिडारीले गरेका छन् । प्रारम्भिक चरणमा जनचेतना फैलाउने उद्देश्यले हेटौंडाका कलेजहरुमा उक्त पुस्तक राखिएका छन् भने विदेशी पर्यटकहरुलाई घुमाउने बर्ड गाइडहरुलाई पनि वितरण गरिएको अनुसन्धानकर्ता बिडारीले जानकारी दिए ।

वातावरण विज्ञानमा स्नातक गरी हाल वाइल्डलाइफ म्यानेजमेन्ट विषयमा स्नातकोत्तर अध्ययन गरिरहेका बिडारीले विगत ६/७ वर्षदेखि पन्छी तथा वन्यजन्तुका बारेमा अध्ययन अनुसन्धान गर्दै आएका छन् ।

हेटौंडाका प्रमुख चरा पाइने क्षेत्र र त्यहाँ पाइने चराका प्रकारका बारेमा पुस्तकमा सचित्र वर्णन गरिएको उनले बताए । पुस्तकमा बिडारीसहित अन्य ६ जना फोटोग्राफरले खिचेका तस्बिर समावेश गरिएको छ भने पुस्तकका लागि आवश्यक तथ्यांक संकलन तथा सम्पादन बिडारी स्वयंले गरेका हुन् ।

हेटौंडाको मत्स्यपालन केन्द्र, राप्ती खोला, कर्रा खोला, वन विज्ञान क्याम्पस, मनकामना डाँडा, सामुदायिक वन तथा चुरे क्षेत्रमा पाइने चराहरुका बारेमा पुस्तकमा वर्णन गरिएको छ । ३६४ वटा चराका नेपाली, अंग्रेजी र वैज्ञानिक नाम उल्लेख गरिएको छ । साथै, हेटौंडामा तिनीहरुको अवस्थाका बारेमा पनि उल्लेख गरिएको छ ।

विशेषगरी नारायणीबाट आउने चराहरु तराई पुग्नुअघि एक रात बास बस्न जाने गरेको र धेरै प्रजातिका चरा यहाँ पाइने गरेको उल्लेख छ । उच्च हिमाली भेगमा पाइने खोया हाँस र नेपालमै दुर्लभ मानिने अमुरबाज पनि हेटौंडामा अभिलेख गरिएको छ ।

लाङटाङ र गोसाइँकुण्डजस्ता चिसो ठाउँमा पाइने तिलहरी चरा जाडो बढेपछि राप्ती खोलामा आउने गर्छ । अनुसन्धानकर्ता बिडारीका अनुसार तिलहरी चरा पहिलापहिला राप्ती पुलदेखि बस्तीपुरसम्म पाइने गरेको थियो । अहिले चौकीटोलभन्दा माथिको एकदमै सानो क्षेत्रमा देखा पर्छ । ढुंगा, बालुवा तथा गिट्टी निकाल्ने कामले गर्दा खोलामा पाइने चराहरुको बासस्थान बिगार्ने गरेको उनको भनाइ छ ।

सामुदायिक वनहरुको संरक्षण राम्रोसँग भएकाले वन क्षेत्रमा बस्ने चराहरुको बासस्थानमा सुधार भए पनि खोलानालातिर बस्ने चराहरुको बासस्थान मासिँदै गएकोमा उनले चिन्ता व्यक्त गरे । खोलामा विष हाल्ने, गिट्टी बालुवा झिक्ने र चरालाई नै मार्ने घटनाहरु नियन्त्रण गर्न सके हेटौंडामा चराहरुका लागि अझ राम्रो वातावरण बन्न सक्ने उनले बताए ।

उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार उपभोक्ता संरक्षण सम्बन्धी कानूनको पालना गरौं । उपभोक्ताहरुले पनि आफ्नो अधिकारको लागि खबरदारी जारी राखौं । उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि नोक्सानीबाट क्षतिपूर्ति उपलब्ध गराउन उपभोक्ता संरक्षण सम्बन्धी कानूनी व्यवस्था कार्यान्वनको लागि हातेमालो गरौं ।

सार्वजनिक हितको लागि सहीरबर

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मत सम्भार गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा अस्पतालमा सम्पर्क गरौं ।



ट्राफिक नियम पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

डेंगीबाट बचौं र बचाऔं

लक्षण:
- ❖ जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु, आँखाको गेडी दुख्नु,
- ❖ अत्याधिक टाउको दुख्नु, उच्च ज्वरो आउनु,
- ❖ शरीरमा राता बिबिराहरु आउनु,
- ❖ वाकवाकी लाग्नु वा वान्ता हुनु ।

लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:
- ❖ लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
- ❖ घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- ❖ लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- ❖ घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- ❖ सुत्ने बेलामा झुल लगाएर सुतौं,
- ❖ एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं,

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो"

१३ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका

सरसफाई सम्बन्धि सूचना

- हाम्रो वरपरको वातावरण सरसफाई राखौं। स्वच्छ वातावरणमा बाचौ र रमाऔं । बातावरण सफा राख्न:

☞ सार्वजनिक स्थानहरू सफा राख्नुहोस्, फोहोर उचित ठाउँमा फाल्नुहोस् ।

☞ वातावरण संरक्षणमा ध्यान दिनुहोस्, पुन: प्रयोग र रिसाइक्लिङलाई प्राथमिकता दिनुहोस् ।

सरसफाइका फाइदाहरू
- रोग र संक्रमणबाट बच्न सकिन्छ,
- शारीरिक र मानसिक स्वास्थ्य सुधार हुन्छ,
- आत्मविश्वास बढ्छ,
- समाजमा सकारात्मक छवि निर्माण हुन्छ,
- नयाँ पुस्ताले सकारात्मक ज्ञान आर्जन गर्न सक्नेछन्,
- व्यक्ति र समाजको सभ्य पहिचान/परिचय बन्दछ ।

१० नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका